# मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) को

# विधान-२०६८



## प्रस्तावना

नेपाल बहुजातीय, बहुसाँस्कृतिक, बहुभाषिक, बहुधार्मिक तथा भौगोलिक विविधताको देश हो । राजनीतिक रूपमा एक मुलुक बन्नुभन्दा शताब्दिऔं अघिदेखि यहाँको भूभागका मूलबासीहरू मध्ये एक मधेसीको बसोबास रहेको तथ्यले प्रमाणित छ । सभ्यताको एउटा लामो कालखण्ड बोकेको स्वयं मधेसी समाजमा र २४० बर्ष भन्दा लामो समय देखि मुलुकमा कायम रहेको एकात्मवादी राज्य व्यवस्थाबाट मुलुकमै सिर्जित अनेक किसिमका जातीय, क्षेत्रीय, वर्गीय, लैङ्गिक आदि विभेद तथा शोषण एवं उत्पीडनहरू विद्यमान् छन् । आजसम्मका शासक वर्गले खासगरी, मधेसको सन्दर्भमा विभेदहरूलाई घटाउनु, नियन्त्रण गर्नु र उन्मूलन गर्नुको सट्टा यसलाई अझ् बढी चर्काउने, राज्य विभेद र सामाजिक विभेदको शिकार बनाउने, मधेसीलाई दोश्रो दर्जाको नागरिक सरह व्यवहार गर्ने-मधेसीको भाषा, सँस्कृतिका साथै राष्ट्रिय पहिचानलाई समाप्त पार्ने, राज्यको नीति निर्माण, राजकीय साधन श्रोत तथा शक्ति अभ्यासका निकायको प्रवेशमा व्यवहारतः रोक लगाउने काम भएको छ । नेपाल देश भनेको एउटा निश्चित भूगोल, निश्चित भाषा र सँस्कृति, निश्चित पोशाक र निश्चित आकृति भएको मानिसको मात्र देश हो भन्ने मान्यतालाई अंगिकार गरी व्यवहारमा ल्याएको देखियो । त्यही सोच र चिन्तन अन्तर्गत राज्यलाई एकात्मक तथा केन्द्रिकृत र एक जातीय संरचनामा लामो कालखण्डसम्म निरन्तरता दिइयो । अहिले जनताको आन्दोलन, विशेष गरी मधेसमा बसोबास गर्ने मूलवासी धरतीपुत्रहरूको बारम्बारको जनआन्दोलन, जनविद्रोह र प्रतिरोध आन्दोलनको परिणाम स्वरूप नै अहिले देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भएको छ । देशमा स्वायत्त प्रदेशहरू सहितको समावेशी र संघीय लोकतान्त्रिक गणतन्त्र, जो जनताको आत्मनिर्णयको अधिकार सहित र स्वायत्ततामा आधारित हुनुपर्नेलाई नयाँ संविधानमा समावेस गर्ने, मधेसी, आदिवासी-जनजाति, मुसलमान, दलित, महिला, पिछडावर्ग, तेस्रो लिंगी, शारिरिक अशक्त तथा अल्पसंख्यक लगायत अन्य समुदायहरूको हक अधिकारलाई सुनिश्चित गर्न र देशलाई समान्तवादी उत्पीडन एवं पूंजिवादी असमानता र विभेदलाई अन्त्य गर्दै समानता, स्वतन्त्रता र सामाजिक न्यायको सिद्धान्तमा क्रान्तिकारी एवं लोकतान्त्रिक ढंगले

अघि बढाई सम्पूर्ण जनताको पक्षमा समानता, स्वतन्त्रता र सामाजिक न्यायमा आधारित सबैका लागि समान अधिकार, समान अवसर सहितको विभेदरहीत सामाजिक लोकतान्त्रिक व्यवस्था स्थापना गर्न मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) २०६८ सालमा स्थापना भएको हो । अब बन्ने राज्यलाई सम्पूर्ण रूपमा समानुपातिक समावेशी बनाई जनताको आत्मनिर्णयको अधिकार र स्वायत्ततालाई प्रत्याभूत गरी क्षेत्रीय/जातीय आधारमा संघीय राज्यहरूको निर्माण गरी मधेसी जनताको राष्ट्रिय पहिचानको समस्यालाई सम्बोधन गर्दै मधेसलाई आन्तरिक औपनिवेशिकरणबाट पूर्णतः मुक्त गरी देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाका साथै संवैधानिक सर्वोच्ता, लोकतान्त्रिक मुल्य र मान्यता, सामाजिक न्याय र आधारभूत मानव अधिकारमा आधारित सामाजिक लोकतान्त्रिक राजनीतिक व्यवस्थाको स्थापना गर्नु परेको छ ।

मानवद्वारा मानव र राष्ट्रद्वारा राष्ट्रको शोषणबाट मुक्त समतामूलक समाजको स्थापना गर्न रंग, वर्ण, लिंग, भाषा, धर्म, क्षेत्र, जाति र वर्गमा आधारित विषमताहरूलाई अहिंसात्मक जनसंघर्ष, जनआन्दोलन र जनविद्रोहको माध्यमद्वारा निर्मूल गर्दै बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको माध्यमद्वारा सम्पूर्ण प्रकारका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक असमानता, उत्पीडन र अन्य विभेद एवं शोषणलाई अन्त्य गर्दै समता, सम्पन्नता वा समृद्धि र शान्तिको प्राप्तीका लागि संधै संघर्षरत रहनु पर्दछ ।

समानता, स्वतन्त्रता, सामाजिक न्याय र सहभागिता मूलक एवं सहमतीय तथा साझेदारी प्रणालीको सिद्धान्तमा आधारित सामाजिक लोकतन्त्र एवं समाजवादलाई मार्गदर्शक सिद्धान्त स्वीकार गर्दै पार्टीको सम्पूर्ण संगठनात्मक जीवनमा लोकतान्त्रिक सिद्धान्त र सामूहिक नेतृत्वको परिपाटीलाई स्थापित गर्दै हाम्रो पार्टी अघि बढ्नेछ । यही निर्दिष्ट लक्ष्य र उद्देश्य प्राप्त गर्नका लागि जन आधारित, सुसंगठित, एकताबद्ध, अनुशासित र अग्रगामी एवं क्रान्तिकारी राजनीतिक शक्तिको रूपमा मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) लाई संचालन र पार्टीका सम्पूर्ण संगठनात्मक क्रियाकलापहरू अबदेखि यही विधानद्वारा निर्देशित एवंम् संचालित हुनेछन् ।

हाम्रो पार्टी मूल रूपमा निर्वाचन कानून, सामाजिक विविधताको समावेशीकरण र नागरिक-राजनीतिक सँस्कृतिबाट परिभाषित हुनेछन् ।

## परिच्छेद - १
## संक्षिप्त नाम, प्रारम्भ र उदेश्य

**धारा १. संक्षिप्त नाम र प्रारम्भ :-** यस राजनीतिक दलको नाम मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) रहनेछ । अंग्रेजीमा यसलाई :बमजभकष एभयउभिक च्ष्नजतक ायचगम ९च्भउगदष्अिबल० भनिनेछ । संक्षिप्तमा यसलाई :वच वा च्भउगदष्अिबल ायचगम भनिनेछ । यसपछि यस विधानमा 'गणतान्त्रिक फोरम' भनिनेछ । यो विधान तत्काल लागू हुनेछ ।

**धारा २. झण्डा :** पार्टीको झण्डा अनुसुची-१ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

**धारा ३.** यस विधानको नाम मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) को विधान-२०६८ रहेको छ ।

क) "गणतान्त्रिक फोरम" भन्नाले मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) लाई जनाउनेछ ।

ख) "समिति" भन्नाले गणतान्त्रिक फोरमका विभिन्न तहका कार्यकारिणी समितिहरूलाई बुझ्नु पर्दछ ।

ग) "अधिवेशन" भन्नाले गाउा, नगर,वडा,क्षेत्र, जिल्ला तथा राष्ट्रिय महाधिवेशनलाई बुझ्नु पर्दछ ।

घ) "पदाधिकारी" भन्नाले गणतान्त्रिक फोरमका विभिन्न निकायका अध्यक्ष, वरिष्ठ नेता, सहअध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सदस्यहरूलाई बुझ्नु पर्दछ ।

ङ) "क्षेत्र" भन्नाले गाउँ, नगर, जिल्ला, संसदीय निर्वाचन क्षेत्र तथा अन्य तोकिएको क्षेत्र भन्ने बुझिनेछ ।

च) "निकाय" भन्नाले यसविधान अनुसार परिभाषित तथा व्यवस्थित गणतान्त्रिक फोरमका कुनैपनि तहलाई बुझिनेछ ।

छ) "भातृ संस्था" भन्नाले गणतान्त्रिक फोरमको उद्देश्य र सिद्धान्तलाई मान्ने तथा गणतान्त्रिक फोरमको राजनीतिक निर्देशनलाई स्वीकार गर्ने विभिन्न जनवर्गीय संगठनहरू र रचनात्मक तथा सामाजिक क्रियाकलापमा संलग्न गणतान्त्रिक फोरमसंग आवद्ध बिभिन्न संस्थाहरूलाई बुझाउनेछ ।

ज) "शुभेच्छुक संस्था" भन्नाले गणतान्त्रिक फोरमसंग आबद्ध नरहेका तर गणतान्त्रिक फोरमले अंगालेका बृहत्तर आदर्श र नीतिहरूलाई समर्थन गर्ने र सहयोगी रहने लोकतान्त्रिक संघ/संस्था र समूहहरूलाई जनाउनेछ ।

झ) "संसदीय दल" भन्नाले गणतान्त्रिक फोरमको संसदीय दललाई बुझाउने छ ।

ञ) "गणतान्त्रिक फोरमका सांसद" भन्नाले संविधान सभा तथा संसदमा गणतान्त्रिक फोरमका उम्मेदवार भई निर्वाचित सदस्य र कानून बमोजिम अन्य दलबाट गणतान्त्रिक फोरममा प्रवेश हुन आएका सांसदहरूलाई समेत जनाउने छ ।

ट) "केन्द्र" भन्नाले गणतान्त्रिक फोरमको केन्द्रीय समिति र केन्द्रीय कार्यालय समेतलाई बुझाउने छ ।

ठ) “नियमावली”भन्नाले यसविधान बमोजिम केन्द्रीय समितिले बनाएको नियमावलीलाई बुझाउने छ ।

**धारा ५. उद्देश्य :** मधेसी जनता लगायत यस देशका सम्पूर्ण आदिवासी, जनजाति, मुस्लिम, पिछडावर्ग, दलित, महिला, तेस्रो लिंगी, शारिरिक अशक्त, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय माथि राज्यद्वारा बर्षौदेखि हुँदै आएको जातीय, क्षेत्रिय, लैङ्गिक, वर्गीय, भाषिक आदि सम्पूर्ण प्रकारको विभेद, उत्पीडन र शोषणविरुद्ध निरन्तर संघर्षरत् रही देशमा स्वतन्त्रता, समानता, समता, सम्पन्नता र सामाजिक न्यायमा आधारित सामाजिक लोकतान्त्रिक व्यवस्था र समाजवाद तथा समतामूलक समाज स्थापना निम्ति कटिबद्ध र निष्ठाबद्ध रही निर्वाधरूपमा निरन्तर संघर्षरत रहनु गणतान्त्रिक फोरमको उद्देश्य रहनेछ ।

## परिच्छेद २

**धारा ६. सदस्यताः** गणतान्त्रिक फोरमको घोषणापत्र, विधान एवंम् उद्देश्यलाई स्वीकार्ने नेपाली नागरिक यस गणतान्त्रिक फोरमको सदस्य बन्न सक्नेछ । गणतान्त्रिक फोरममा साधारण र क्रियाशिल गरी दुई प्रकारका सदस्यता रहनेछन् ।

**धारा ७. साधारण सदस्यता**

१) साधारण सदस्यता लिन चाहने व्यक्तिले देहाय बमोजिमको योग्यता र मापदण्ड पूरा गरेको हुनुपर्दछ :-

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक,

ख) जनवर्गीय संगठनको सदस्यता लिएको वा गणतान्त्रिक फोरमको घोषणापत्र, विधान, नीति र कार्यक्रमलाई स्वीकार गरी गणतान्त्रिक फोरमले खटाएको काम गर्न प्रतिबद्ध,

ग) मानसिक स्थिति सन्तुलित भएको,

घ) नैतिक पतनको अभियोगमा सजाय न पाएको,

२) साधारण सदस्यता प्राप्त गर्ने प्रक्रिया देहाय बमेजिम हुनेछ :-

(क) साधारण सदस्य बन्न योग्यता पुगेका व्यक्तिले गणतान्त्रिक फोरमको साधारण सदस्य बन्ने इच्छा गरेमा गाउँ, नगर, क्षेत्र, जिल्ला समिति वा केन्द्रीय समितिका पदधिकारीहरूको सम्पर्कमा आएर साधारण सदस्यता प्राप्त गर्न सक्नेछ ।

(ख) साधारण सदस्यता प्राप्त गर्न बार्षिक सदस्यता शुल्क वापत रु. ५।- सदस्यता प्रदान गर्ने पदाधिकारीलाई एकमुष्ट बुझाउनु पर्दछ ।

(ग) प्रत्येक दुई-दुई बर्षमा केन्द्रीय समिति, जिल्ला समिति नगर/गाउँ समितिबाट साधारण सदस्यताको नवीकरण गर्नु पर्नेछ ।

३) साधारण सदस्यको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :-

(क) गणतान्त्रिक फोरमद्वारा साधारण सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने,

(ख) साधारण सदस्यहरूको सभामा भाग लिने र पार्टीले तोकेको ठाउँमा संगठित भएर कार्य गर्ने,

(ग) साधारण सभाद्वारा वा सोझै समिति मार्फत पार्टीका निर्णय र क्रियाकलापहरू बारे आफ्नो राय सुझाव प्रस्तुत गर्ने,

(घ) गणतान्त्रिक फोरमद्वारा आयोजित सार्वजनिक कार्यक्रमहरूमा भाग लिने, जनताका बीचमा गणतान्त्रिक फोरमको सिद्धान्त, नीति, विचार, कार्यक्रम तथा निर्णयहरूको प्रचार प्रसार गर्ने तथा गणतान्त्रिक फोरमको प्रभाव विस्तार तथा सुदृढिकरणको लागि क्रियाशिल रहने,

(ङ) जनताको हकहितको लागि गणतान्त्रिक फोरमद्वारा संचालित आन्दोलनहरूमा सक्रियतासाथ सहभागी हुने,

(च) गणतान्त्रिक फोरममा सहभागी हुने राज्यद्वारा गराईने सबै तहका निर्वाचनहरूमा गणतान्त्रिक फोरमका उम्मेदवारहरूलाई विजयी गराउन इमान्दारी साथ क्रियाशिल हुने,

(छ) तोकिएको सदस्यता शुल्क बुझाउने र नियमित रूपमा सदस्यताको नवीकरण गराउने,

(ज) योग्यता पूरा गरेपछि इच्छा भएमा क्रियाशील सदस्यताको लागि पदाधिकारी मार्फत जिल्ला समितिमा आवेदन गर्न पाउने ।

**धारा ८. क्रियाशील सदस्यताः**

(क) क्रियाशील सदस्यता लिन चाहने व्यक्तिले देहाय बमोजिमको योग्यता र मापदण्ड पूरा गरेको हुनु पर्दछ :-

(१) सधारण सदस्यता प्राप्त गरेका,

(२) गणतान्त्रिक फोरमप्रति पूर्ण निष्ठावान रही जुझारु र स्वच्छ छवि राखेर गणतान्त्रिक फोरमको दैनिक क्रियाकलापमा कम्तिमा दुई बर्षसम्म निःस्वार्थ र इमान्दार भै कार्य गरेका,

(३) समता, समानता, स्वतन्त्रता र सामाजिक न्यायका सिद्धान्तमा आधारित समतामूलक समाज र समाजवाद प्रति पूर्ण निष्ठावान रही गणतान्त्रिक फोरमको उत्तरोत्तर प्रगतिको निम्ति संघर्ष गर्न तयार रहेका,

(४) पार्टी संचालन गर्ने प्रमुख जिम्मेदारी क्रियाशील सदस्यहरू माथि रहने छ ।

(५) क्रियाशिल सदस्यहरूले मात्र गणतान्त्रिक फोरमका सम्पूर्ण तहका समितिहरूमा सदस्य/पदाधिकारी हुन सक्छन् । गाउ, नगर, क्षेत्र र जिल्ला देखि राष्ट्रिय महाधिवेशन सम्मको प्रतिनिधि चुन्न र चुनीन सक्छ ।

(६) यस अघि जे भनिए पनि यो विधान लागू हुनु अघि साधारण सदस्यता पाएका सबै सदस्यहरू क्रियाशील सदस्य मानिने छन् ।

(ख) क्रियाशील सदस्यता प्राप्त गर्ने प्रक्रियाः-

(१) क्रियाशील सदस्यता प्राप्त गर्न चाहने योग्यता पुगेका व्यक्तिले तोकिएको आवेदन पत्र भरेर कम्तिमा दुई जना क्रियाशील सदस्यको सिफारिस सहित जिल्ला समितिमा पेश गर्नु पर्नेछ र सो को अभिलेख केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

(२) जिल्ला समितिले सो आवेदन माथि आवश्यक छलफल र छानबिन गरी जिल्ला समिति सन्तुष्ट भएमा सदस्यता प्रदान गर्नेछ,

(३) जिल्ला समितिले क्रियाशील सदस्यता प्रदान गर्दा सम्बन्धित आवेदकको गणतान्त्रिक फोरमप्रतिको निष्ठा, सामाजिक छवि, सांगठनिक क्रियाशीलता आदि कुरामाथि ध्यान दिनु पर्नेछ ।

(४) प्रत्येक दुई बर्षमा क्रियाशील सदस्यहरूको नवीकरण गर्नु पर्नेछ,

(५) केन्द्रीय समितिले आवश्यक ठानेमा क्रियाशील सदस्यताको निम्ति योग्यता र मापदण्ड पुगेका वा उपयुक्त ठानेमा कुनै पनि नेपाली नागरिकलाई क्रियाशील सदस्यता प्रदान गर्न सक्नेछ,

(६) केन्द्रीय समितिले गणतान्त्रिक फोरममा कानून बमोजिम विलय हुने कुनै अन्य राजनीतिक दलका सदस्य वा व्यक्तिलाई गणतान्त्रिक फोरमको सदस्यता प्रदान गर्न सक्नेछ ।

(७) क्रियाशील सदस्यता प्राप्त गर्न चाहने साधारण सदस्यले वार्षिक सदस्यता शुल्क रु. २५/- बुझाउनु पर्नेछ ।

(ग) क्रियाशील सदस्यका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछ :-

(१) गणतान्त्रिक फोरमको सिद्धान्त, कार्यक्रम, घोषणा पत्र र नीतिको दृढतापूर्वक अनुशरण गर्दै जिम्मेवारी पूरा गर्ने,

(२) क्रियाशील सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको पालना गर्ने तथा ती सबैका बारेमा सम्बन्धित समितिमा आ^नो मत जाहेर गर्ने,

(३) तोकिएको प्रक्रिया बमोजिम बैठक, अधिवेशन र महाधिवेशनमा चुन्ने वा चुनिने र नीति तथा निर्णयमा मतदान गर्ने,

(४) गणतान्त्रिक फोरमको कुनै समिति भित्र वा गणतान्त्रिक फोरमले दिएको कुनै निश्चित जिम्मेवारी वा खटाएको कुनै निश्चित निकाय वा संस्थामा संगठित भै काम गर्नु पर्नेछ,

(५) समिति प्रणालीको अनुशरण एवं पालन गर्दै गणतान्त्रिक फोरमको एकता, गोपनीयता, हित र प्रतिष्ठालाई जोगाई राख्न निरन्तर क्रियाशील रहने,

(६) माथिल्लो समितिमा सुझाव, टिप्पणी तथा रचनात्मक आलोचना पठाउने ।

(७) तोकिए बमोजिमको सदस्यता शुल्क नियमित रूपमा बुझाउने र तोकिएको समयमा सदस्यता नवीकरण गर्ने,

(८) आफ्नो कार्यको बार्षिक प्रतिवेदन आफू संगठित रहेको समितिमा बुझाउने,

(९) गणतान्त्रिक फोरमको अहित हुने र प्रतिपक्षी राजनीतिक शक्तिलाई हित हुने कुनै क्रियाकलाप नगर्ने,

(१०) समिति प्रणालीलाई दृढतासाथ अवलम्बन गर्दै जुन तहसम्म जुन कुरा लग्न गणतान्त्रिक फोरमले निर्णय गरेको छ-त्यहाँसम्म मात्रै लग्ने, जथाभावी कुराकानी नगर्ने र आम सदस्यहरूमा गणतान्त्रिक फोरमको नीति र नेतृत्व विरुद्ध अनास्था फैलाउने कुनै व्यवहार नगर्ने,

(११) आफ्नो पार्टी र नेतृत्वलाई होचा देखाउने र प्रतिपक्षी पार्टी तथा नेतृत्वको प्रशंसा गर्ने व्यवहारबाट मुक्त रहने ।

**धारा ९.पार्टी सदस्यताको समाप्ति :** देहायको अवस्थामा साधारण वा क्रियाशील सदस्यता समाप्त हुनेछ :-

(१) स्वेच्छाले गणतान्त्रिक फोरमको सदस्यता परित्याग गरेमा,

(२) अनुशासनको कारवाहीमा परी निष्काशन भएमा,

(३) अनुमति नलिई क्रियाशील सदस्य निरन्तर ६ महिनासम्म र साधारण सदस्य निरन्तर १ वर्षसम्म गणतान्त्रिक फोरमको दैनिक कामबाट अलग भएमा,

(४) कुनै पनि जन प्रतिनिधिमूलक संस्थाको निर्वाचनमा गणतान्त्रिक फोरमको निर्णय विरुद्ध बिद्रोही उम्मेदवार बनेमा वा त्यस्तो उम्मेदवारको प्रस्तावक वा समर्थक बनेमा वा खुला प्रचारक भै काम गरेमा,

(५) स्थानीय निकाय, संसद वा संविधान सभामा पार्टी आदेश वा निर्णयको उल्लंघन गरेमा वा पार्टीलाई आघात पार्ने कुनै कार्य गरेमा,

(६) भ्रष्ट तथा अनैतिक आचरण गरेमा र भ्रष्ट तत्वसंग वा गणतान्त्रिक फोरम विरोधी तत्वसंग साँठगाँठ गरेको प्रमाणित भएमा वा गणतान्त्रिक फोरमलाई कमजोर पार्ने ध्येयले गठन भएको कुनै संघ/संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संलग्न रहेको प्रमाणित भएमा,

(७) पार्टीले मांग गर्दा सम्पत्तिको यथार्थ विवरण नदिई लुकाएर राखेको, झुठा विवरण दिएको वा श्रोत नखुलेको प्रमाणित भएमा,

(८) पार्टीको गोपनीयता भङ्ग गरेमा र पार्टी सदस्यले पालना गर्नु पर्ने भनी विधान वा नियमावली, निर्देशिका/आचार संहितामा गरिएको व्यवस्था बमोजिमको कर्तव्य पूरा नगरेको प्रमाणित भएमा,

(९) गणतान्त्रिक फोरम, कुनै पनि राजनीतिक वा सांगठनिक अभियानमा भईरहँदा वा आन्दोलन चलाई रहँदा त्यसको विरुद्धमा प्रत्यक्ष अप्रत्यक्ष मत जाहेर गर्ने वा विरोध गर्ने कार्य गरेमा ।

(१०) क्रियाशील सदस्यले आफनो पद अनुरूपको आचरण नगरेमा ।

**धारा १०. सदस्यताको पुनः प्राप्तिः** सदस्यता समाप्त भएका व्यक्तिले पुनः सदस्यता लिन चाहेमा देहायको प्रक्रियाबाट सदस्यता प्राप्त गर्न सक्नेछन्:-

(क) राजनीतिक कारणले पार्टीबाट अलग्गिएका वा कारबाहीमा परेका गणतान्त्रिक फोरमका क्रियाशील सदस्यले आत्मालोचना गरी पुनः गणतान्त्रिक फोरममा फर्किन चाहेमा जिल्ला समितिको सिफारिसमा केन्द्रीय समितिले निर्णय गरी सदस्यता कायम गर्न सक्नेछ,

(ख) राजिनामा गरेर वा जिम्मेवारी पूरा गर्न नसकेर निस्कृय भएका कारण क्रियाशील सदस्यता गुमाएका तर पार्टी प्रति वफादार रहेका व्यक्तिले पुनः क्रियाशील सदस्यता प्राप्त गर्न चाहेमा साधारण सदस्य भै कम्तिमा छ महिनासम्म काम गरेपछि क्रियाशील सदस्यताको लागि आवेदन दिन सक्नेछन्,

(ग) अनुशासनको कार्यवाहीमा परी क्रियाशील सदस्यता गुमाएका व्यक्ति वा राजिनामा गरेर क्रियाशील सदस्यता गुमाई विरोधी पंक्तिमा सामेल भई पछि सुध्रिएका व्यक्तिले पुनः क्रियाशील

सदस्यता प्राप्त गर्न चाहेमा साधारण सदस्य भै १ वर्ष काम गरेपछि मात्र क्रियाशील सदस्यताका लागि केन्द्रीय समिति समक्ष आवेदन दिन सक्नेछन्,

(घ) साधारण सदस्यता गुमाएका व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा साधारण सदस्यताको व्यवस्था अनुरूप गर्नु पर्नेछ ।

## परिच्छेद-३

## संगठनात्मक संरचना

**धारा ११. गणतान्त्रिक फोरमका केन्द्रीय निकायहरूः** गणतान्त्रिक फोरमका केन्द्रीय निकायहरू देहाय बमोजिम हुनेछन्ः- (१) राष्ट्रिय महाअधिवेशन (२) केन्द्रीय समिति (३) केन्द्रीय अनुशासन समिति (४) केन्द्रीय लेखा परीक्षण समिति र (५) केन्द्रीय सल्लाहकार समिति

**धारा १२. राष्ट्रिय महाअधिवेशन**

(क) राष्ट्रिय महाअधिवेशन गणतान्त्रिक फोरमको सर्वोच्च निकाय हुनेछ । यसको आयोजना केन्द्रीय समितिद्वारा सामान्यतः चार वर्षमा एकचोटी गरिनेछ ।

(ख) राष्ट्रिय महाअधिवेशनका निम्ति प्रतिनिधि संख्या र तिनको निर्वाचन प्रक्रिया केन्द्रीय समितिले निर्धारित गर्नेछ । यसका प्रतिनिधिहरूमा जिल्लाहरूबाट चुनिएर आएका प्रतिनिधिहरू, केन्द्रीय समितिका सदस्यहरू, सांसदहरू, केन्द्रीय सल्लाहकारहरू, केन्द्रीय समितिबाट कूल राष्ट्रिय महाअधिवेशन प्रतिनिधिको ५ प्रतिशत मनोनित भएका व्यक्तिहरू र केन्द्रीय अनुशासन समिति र केन्द्रीय लेखा परीक्षण समितिका सदस्यहरू रहनेछन् ।

(ग) राष्ट्रिय महाअधिवेशनका काम, कर्तव्य र अधिकार :

(१) अधिवेशन संचालन गर्न अध्यक्ष मण्डल गठन गर्ने,

(२) सम्पूर्ण केन्द्रीय निकायहरू विघटन गर्ने,

(३) केन्द्रीय समितिको तर्फबाट प्रस्तुत राजनीतिक, संगठनात्मक र अन्य प्रतिवेदनहरू, अनुशासन समिति र लेखा परीक्षण समितिका प्रतिवेदनहरू र अन्य प्रस्तावहरू माथि आवश्यक छलफल गरी पारित गर्ने,

(४) अध्यक्ष, सहअध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष तथा केन्द्रीय समिति सदस्यको निर्वाचन गर्ने,

(५) आवश्यक परेको खण्डमा बर्षमा बढीमा एक पटक केन्द्रीय समितिको निर्णयहरू उपर तथा समसामयिक विषयमा नीतिगत निर्णय गर्न केन्द्रीय समितिले आवश्यक ठाने राष्ट्रिय महाधिवेशन बोलाउन सक्नेछ ।

(६) राष्ट्रिय महाधिवेशनका एक तिहाई सदस्यहरूले महासचिव समक्ष हस्ताक्षर गरी निवेदन गरेमा केन्द्रीय समितिको वैठक वसी राष्ट्रिय महाधिवेशन वोलाउनु पर्नेछ ।

**धारा १३. केन्द्रीय समिति**

(क) केन्द्रीय समिति दुई राष्ट्रिय महाअधिवेशन बीचको अवधिमा राष्ट्रिय महाधिवेशन गणतान्त्रिक फोरमको सर्वोच्च निकाय हुनेछ । यो राष्ट्रिय महाअधिवेशन प्रति उत्तरदायी रहनेछ । यसको बनावट, अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :-

(१) केन्द्रीय समितिको निर्वाचन राष्ट्रिय महाअधिवेशनका प्रतिनिधिहरूले आफू मध्येबाट सर्वसम्मति, आम सहमति वा बहुमतको आधारमा गर्नेछ । केन्द्रीय समितिका सदस्य पदका लागि उम्मेदवार हुन चाहने व्यक्तिले एक जना समर्थक र एक जना प्रस्तावक सहित उम्मेदवारीको लागि आवेदन दिनु पर्नेछ ।

(२) राष्ट्रिय महाधिवेशनबाट निर्वाचित हुने केन्द्रीय समितिको सदस्यहरूको संख्या ५१ जनाको हुनेछ ।

(३) यसले आफू मध्येबाट अध्यक्षको सिफारिसमा बरिष्ठ नेता १ जना, सहअध्यक्ष १ जना, उपाध्यक्षहरू ३ जना, महासचिव ३ जना, सचिवहरू ३ जना, कोषाध्यक्ष १ जना र प्रवक्ता लगायतका अन्य पदाधिकारीहरूको चयन गर्नेछ ।

(४) यसले आफू मध्येबाट अधिकतम संख्याको एक तिहाई भित्रको संख्यामा राजनीतिक समितिको चयन गर्नेछ,

(५) यसले केन्द्रीय समिति अन्तर्गत रहने विभिन्न विभागहरूका विभागीय प्रमुखहरू, कार्यालय सचिव र आवश्यकता अनुसार अन्य पदाधिकारीहरू नियुक्ती गर्नेछ ।

(६) आवश्यकता अनुसार विभागहरू, सम्पर्क/समन्वय समितिहरू र गणतान्त्रिक फोरम संगठनलाई आवश्यक पर्ने विभिन्न किसिमका समिति वा आयोगहरू गठन गर्न सक्नेछ ।

(७) केन्द्रीय तहमा गठित विभाग, सम्पर्क/समन्वय समिति र आयोगहरूका अधिकार तथा कर्तव्य तोक्नेछ ।

(८) केन्द्रीय समितिका सदस्यहरूको कार्य विभाजन तथा जिम्मेवारी तोक्ने,

(९) राष्ट्रिय महाअधिवेशनका निर्णयहरू कार्यान्वयन गर्ने तथा आवश्यक विषयमा गणतान्त्रिक फोरमको दृष्टिकोण तथा नीति तय गर्ने,

(१०) गणतान्त्रिक फोरमको केन्द्रीय मुखपत्र लगायत आवश्यक सामग्रीहरू सम्पादन तथा प्रकाशन गर्ने,

(११) मातहतका समितिहरूलाई लेभी तोक्ने तथा केन्द्रीय लेखा परीक्षण समितिको सुझाव कार्यान्वयन गर्ने,

(१२) अन्तर्राष्ट्रिय क्षेत्रमा गणतान्त्रिक फोरमको सम्बन्ध विस्तार गर्ने र मजबूत बनाउने,

(१३) केन्द्रीय समितिको दैनिक कार्य संचालनको लागि केन्द्रीय अध्यक्षको निर्देशनमा रहने गरी एउटा केन्द्रीय सचिवालयको गठन गर्नेछ । उक्त सचिवालयमा तोकिए बमोजिमका कर्मचारीहरू रहने छन् ।

(१४) गणतान्त्रिक फोरमका स्थानीय समिति तथा जनवर्गीय र पेशागत संगठनहरूमा रहेका गणतान्त्रिक फोरमका सदस्य तथा समितिहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको सुपरिवेक्षण तथा मूल्यांकन गर्ने,

(१५) मातहतका समितिबाट अनुशासनको कारवाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरी ग्रहण गरी त्यसमाथि निर्णय दिने,

(१६) गणतान्त्रिक फोरमको एकता, हित र सुरक्षा जस्ता विषयमा खलल पार्ने कुनै पनि मातहत समितिका निर्णयलाई बदर गर्न सक्ने । आफ्नो जिम्मेवारी पूरा नगर्ने तथा गणतान्त्रिक फोरमको निर्देशन पालन नगर्ने समितिलाई विघटन गर्न र सदस्यलाई कार्यवाही गर्न सक्नेछ,

(१७) अनुशासन उल्लंघन गर्ने केन्द्रीय समिति, केन्द्रीय सल्लाहकार समिति, संसदीय दल, केन्द्रीय विभाग तथा केन्द्रीय सम्पर्क/समन्वय समितिका सदस्यहरू माथि अनुशासन समितिको राय अनुसार कार्यवाही गर्ने,

(१८) केन्द्रीय समिति, केन्द्रीय सल्लाहकार समिति, केन्द्रीय विभाग तथा केन्द्रीय सम्पर्क/समन्वय समितिका सदस्यहरूको राजिनामा स्वकिृत गर्ने,

(१९) मापदण्ड र प्रक्रिया अनुरूप वा उपयुक्त कुनै पनि व्यक्तिलाई साधारण वा क्रियाशील सदस्यता प्रदान गर्ने,

(२०) केन्द्रीय समितिलाई प्रभावकारी, क्रियाशील र समावेशी बनाउन केन्द्रीय अध्यक्षको सिफारिसका आधारमा कूल निर्वाचित केन्द्रीय सदस्य संख्याको २५Ü मा नबढाई केन्द्रीय समितिमा सदस्यहरू मनोनित गर्ने,

(२१) राजिनामा गरी वा निधन भै वा अनुशासनको कारवाहीमा परी केन्द्रीय समितिका कुनै सदस्यको पद रिक्त हुन आएमा सो पद पूर्ती गर्ने,

(२२) संसदीय निर्वाचन, स्थानीय निकायको निर्वाचन आदि वारे गणतान्त्रिक फोरमको स्थितिको विश्लेषण गर्ने, सो बमोजिम आवश्यक रणनीति बनाउने, आन्दोलनहरूको अगुवाई गर्ने र विभिन्न बैठकहरूमा यी विषयहरूका सम्बन्धमा व्यापक तथा गहन छलफल गरी निस्कर्ष निकाल्ने ।

(२३) विधानमा तोकिएका अन्य कार्यहरू गर्ने ।

(२४) विधानको प्रस्तावना, मर्म र भावनाको प्रतिकूल नहुने गरी नीतिगत बिषयहरूमा निर्णय गरी कार्यान्वयन गर्ने/गराउने ।

(ख) केन्द्रीय पदाधिकारी समिति : केन्द्रीय पदाधिकारी समितिमा देहाय केन्द्रीय समितिका पदाधिकारी रहनेछन् ।

(१) केन्द्रीय अध्यक्ष

(२) वरिष्ठ नेता

(३) सहअध्यक्ष

(४) उपाध्यक्षहरू

(५) महासचिव

(६) सचिव

(७) कोषाध्यक्ष

(ग) केन्द्रीय पदाधिकारी समितिको काम कर्त्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(१) केन्द्रीय समितिमा छलफल गर्ने प्रस्तावहरू सम्बन्धमा छलफल गरी प्रस्ताव तयार गर्ने ।

(२) केन्द्रीय समिति तथा राजनीति समितिबाट गर्नुपर्ने निर्णय गराउन तत्काल केन्द्रीय समिति तथा राजनैतिक समितिको बैठक बोलाउन नसकिने भएमा केन्द्रीय समिति तथा राजनैतिक समितिको तर्फबाट गरिने आवश्यक निर्णय गर्न सक्नेछ । त्यसरी गरिएको निर्णय अगामी केन्द्रीय समितिको वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) देशको र पार्टीको समसामयिक विषयमा पार्टीको कुनै पनि समितिले गर्नु पर्ने निर्णयहरूको सम्बन्धमा आवश्यक निर्णय गरी सो निर्णय पछि सम्बन्धित समितिमा अनुमोदनको लागि पठाउने ।

(घ) केन्द्रीय अध्यक्षको निर्वाचनः

(१) केन्द्रीय अध्यक्षको लागि उम्मेदवार हुन चाहने व्यक्ति राष्ट्रिय महाअधिवेशनको प्रतिनिधि हुनु पर्नेछ,

(२) केन्द्रीय अध्यक्षका उम्मेदवार हुन चाहने सदस्यले राष्ट्रिय महाअधिवेशनका सदस्यहरू मध्येबाट कम्तिमा पाँच जना प्रस्तावक र पाँच जना समर्थक रहेको मनोनयन पत्र निर्वाचन समितिको कार्यालयमा दाखिल गर्नु पर्नेछ,

(३) राष्ट्रिय महाअधिवेशनले गठन गरेको निर्वाचन समितिले निर्वाचनको कार्यक्रम र प्रक्रिया तोकि निर्वाचन सम्पन्न गर्नेछ ।

(४) राष्ट्रिय महाअधिवेशनका प्रतिनिधिहरूले सर्वसम्मति, आम सहमति वा बहुमतबाट केन्द्रीय अध्यक्षको निर्वाचन गर्नेछ,

(ङ) केन्द्रीय अध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) राष्ट्रिय महाअधिवेशन र केन्द्रीय समितिको अध्यक्षता गर्ने र आवश्यक भएमा निर्णायक मत प्रदान गर्ने,

(२) गणतान्त्रिक फोरमको आदर्श, सिद्धान्त, नीति र कार्यक्रमलाई व्यवहारमा लागू गर्न निरन्तर कटिबद्ध रही गणतान्त्रिक फोरमलाई एक सबल, जुझारु र परिवर्तनकारी पार्टीको रूपमा देशमा स्थापित गर्न सदैव अगुवाई गर्ने,

(३) गणतान्त्रिक फोरमको तर्फबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने र गराउने,

(४) गणतान्त्रिक फोरमको राजनीतिक, सांगठनीक लगायत पार्टी जीवनको सबै पक्षहरूमा नेतृत्व प्रदान गर्ने,

(५) राष्ट्रिय महाअधिवेशन तथा केन्द्रीय समितिले गरेका निर्णयहरूलाई कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका खेल्ने,

(६) केन्द्रीय समितको मातहतमा चल्ने केन्द्रीय विभागहरू, सम्पर्क/समन्वय समितिहरू तथा विभिन्न समितिहरूको कामहरूको अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्ने र निर्णयहरू लागू गर्न आवश्यक निर्देशन दिने,

(७) राजनीतिक समिति र केन्द्रीय समितिको बैठकको अध्यक्षता गर्ने र राजनीतिक समिति तथा केन्द्रीय समितिको बैठक बोलाउने,

(८) केन्द्रीय समिति र राजनीतिक समितिको बैठकमा एजेण्डाहरू प्रस्तुत गर्ने, छलफल तथा निर्णय गराउने,

(९) केन्द्रीय तहका सम्पूर्ण कार्यहरूको अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन गरी केन्द्रीय समितिको नेतृत्व गर्ने,

(१०) विधान अन्तर्गत रही अन्य आवश्यक सबै कामहरू गर्ने गराउने ।

(११) अध्यक्ष पार्टीको प्रमुख प्रवक्ता हुनेछ ।

(१२) अध्यक्षले तोकेको कुनै पनि केन्द्रीय समितिका सदस्य पार्टीको प्रवक्ता हुनेछ ।

(च) केन्द्रीय अध्यक्षको राजिनामा

(१) केन्द्रीय अध्यक्षले अध्यक्ष पदबाट राजिनामा गर्न चाहेमा सहअध्यक्ष मार्फत केन्द्रीय समितिमा प्रस्तुत गर्नु पर्नेछ,

(२) उक्त राजिनामा तत्काल स्वीकृत गर्नु पर्ने देखिएमा केन्द्रीय समितिले सो राजिनामा स्वीकृत गरी सहअध्यक्षलाई कार्यवाहक अध्यक्षको कार्यभार सुम्पिनेछ ।

(३) अन्य कुनै कारणबाट केन्द्रीय अध्यक्षको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि यसै धाराको उपधारा (२) बमोजिम गरिनेछ ।

(छ) सहअध्यक्षको काम, कर्तव्य र अधिकार

१) अध्यक्षको काममा सहयोग गर्ने,

२) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने,

३) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने र केन्द्रीय समितिले दिएको जिम्मेवारी पूरा गर्ने,

(ज) महासचिवको काम, कर्तव्य र अधिकार :

१) गणतान्त्रिक फोरमको केन्द्रीय कार्यालय महासचिवको मातहतमा रहनेछ,

२) केन्द्रीय समिति, राजनीतिक समिति र केन्द्रीय सचिवालयले गर्ने निर्णयहरूलाई कार्यान्वयन गर्न गराउन प्रमुख भूमिका खेल्ने,

३) दैनिक कार्य संचालनमा अध्यक्षलाई सल्लाह दिने, सहयोग गर्ने र महत्वपूर्ण विषयहरूको जानकारी गराई रहने,

४) गणतान्त्रिक फोरमको संगठनात्मक संरचना चुस्त दुरुस्त, क्रियाशील, अनुशासित र प्रभावकारी बनाउने,

५) माथिल्ला समितिका आवश्यक निर्णय र निर्देशनहरूलाई तल्ला समितिहरूमा नियमित प्रवाहित गर्ने र तल्ला समितिका रिपोर्टहरू प्राप्त गरी व्यवस्थित बनाउने,

६) माथिदेखि तलसम्मका संगठनात्मक कार्यहरूको सुपरिवेक्षण अनुगमन तथा मूल्यांकन गर्ने र आवश्यक निर्देशनहरू दिने,

७) अध्यक्षले दिएको निर्देशनहरूलाई कार्यान्वयन गर्ने,

८) गणतान्त्रिक फोरमका सबै किसिमका अभिलेखहरूको संरक्षण गर्ने, अभिलेख तयार गर्ने कार्यमा निरन्तर लाग्ने र यस कार्यमा तल्ला समितिहरूलाई पनि लगाउने,

९) अध्यक्ष तथा सहअध्यक्षको अनुपस्थितिमा अत्यावश्यक कार्यका लागि मात्र केन्द्रीय समितिको बैठक बोलाउने, त्यसको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने र निर्णयहरू गराई कार्यान्वयन गर्ने/गराउने,

१०) केन्द्रीय समितिले तोकेका अन्य सबै कार्यहरू गर्ने ।

(झ) सचिवको काम, कर्तव्य र अधिकार :

१) महासचिवको दैनिक र पार्टीको कार्यमा सहयोग गर्ने ।

२) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने कार्यहरू गर्ने ।

३) महासचिव र केन्द्रीय समितिले तोकि दिएको कार्यहरू गर्ने ।

४) केन्द्रीय समितिले तोकेका अन्य कामहरू गर्ने ।

(ट) केन्द्रीय कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

१) केन्द्रीय कोषको संचालन गर्ने,

२) केन्द्रीय कोषको संरक्षण र सम्वर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख अद्यावधिक राख्ने,

३) आयश्रोतहरूको संकलन, परिचालन, विस्तारमा लाग्दै केन्द्रीय समितिले तोके बमोजिमको बैंकमा खाता खोली कोषलाई व्यवस्थित राख्ने,

४)	गणतान्त्रिक फोरमको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय समितिमा र केन्द्रीय समिति मार्फत राष्ट्रिय महाअधिवेशनमा प्रस्तुत गर्ने,

५)	केन्द्रीय कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, त्यसलाई केन्द्रीय समितिद्वारा पारित गराई लागू गर्ने,

६)	केन्द्रीय समितिले तोकेको अन्य सबै कामहरू गर्ने ।

(ठ)	केन्द्रीय समितिका सदस्यहरूको काम, कर्तव्य र अधिकार

१)	बैठकमा उपस्थित हुने, छलफल तथा निर्णयमा सहभागी हुने,

२)	केन्द्रीय समितिले तोकेको जिम्मेवारी बहन गर्ने,

३)	बैठकमा एजेण्डा निर्धारणमा सहयोग गर्ने, बैठकमा आलोचना र आत्मलोचनाको परिपाटी व्यवस्थित गर्न भूमिका खेल्ने,

४)	गणतान्त्रिक फोरमको राष्ट्रिय महाअधिवेशनले तय गरेको नीति, कार्यक्रम र कार्यदिशा अनुरूप केन्द्रीय समितिलाई कार्य गर्न खबरदारी गर्ने, सहयोग गर्ने र भूमिका खेल्ने,

५)	केन्द्रीय समितिले गरेका सम्पूर्ण निर्णयहरूलाई लागू गर्न/गराउन भूमिका खेल्ने,

६)	केन्द्रीय समितिका बैठकहरूमा देशको राजनीतिक परिस्थिति, अन्य पार्टीहरूको स्थिति र गणतान्त्रिक फोरमले निर्वाह गर्नुपर्ने दायित्व र भूमिकाको बारेमा विश्लेषण र निचोड प्रस्तुत गर्ने,

७)	गणतान्त्रिक फोरमले गरेका निर्णयहरूलाई तल्ला समितिहरूमा र सार्वजनिक रूपमा प्रतिरक्षा गर्ने र ठिक रहेको पुष्टि गर्न भूमिका खेल्ने,

(ड)	राजनीतिक समिति : राजनीतिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१)	केन्द्रीय समिति प्रति उत्तरदायी रहनेछ,

२)	केन्द्रीय समितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्ने र गराउनेछ,

३)	केन्द्रीय समितिले तोकेका कार्यहरू गर्नेछ,

४)	दुई केन्द्रीय समितिका बीचमा केन्द्रीय स्तरमा परिआएका आवश्यक निर्णय एवं कार्यहरू गर्नेछ,

५)	आफूले गरेका कार्यहरूको केन्द्रीय समितिबाट अनिवार्य रूपमा अनुमोदन गराउनु पर्नेछ,

६)	राजनीतिक समिति केन्द्रीय समितिको दैनिक कार्य संचालन गर्ने निकाय हुनेछ,

७) राजनीतिक समितिले केन्द्रीय कार्यालय मार्फत आफनो कामहरूलाई व्यवस्थित गर्नेछ र गरेका निर्णय र निर्देशनहरूलाई कार्यान्वयन गर्नेछ,

८) राजनीतिक समितिको गठन अध्यक्षको अध्यक्षतामा केन्द्रीय समितको सदस्यहरू मध्येबाट गरिनेछ,

९) राजनीतिक समितिको कूल सदस्य संख्या केन्द्रीय समितिको कुल सदस्य संख्याको एक तिहाईको संख्यासम्म रहनेछ,

**धारा : १४ केन्द्रीय अनुशासन समितिः** यो समिति राष्ट्रिय महाअधिवेशन प्रति उत्तरदायी रहनेछ । यस समितिका सदस्यहरूको मर्यादा केन्द्रीय समितिका सदस्य सरह हुनेछ । यस समितिको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछ :-

१) यस समितिको गठन राष्ट्रिय महाअधिवेशनबाट हुनेछ । यसमा एक जना संयोजक र बाँकी चार सदस्यहरू हुनेछन् । संयोजकको चयन समिति स्वयंमले गर्नेछ,

२) गणतान्त्रिक फोरमका अध्यक्ष लगायत केन्द्रीय समिति, केन्द्रीय निकाय, केन्द्रीय सल्लाहकार कमिटीका सदस्यहरू, मन्त्रीहरू, सांसदहरू, गणतान्त्रिक फोरम मार्फत राजनीतिक नियुक्ति पाएका व्यक्तिहरू र सार्वजनिक पदमा निर्वाचित तथा नियुक्त गणतान्त्रिक फोरम सदस्यहरूका हकमा निम्नलिखित कार्यहरू गर्नेः-

(क) नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्तिको विवरण लिने र आवश्यकता अनुसार जााच गर्ने,

(ख) गणतान्त्रिक फोरमको अनुशासन, निर्णय र निर्देशनको पालना गरे नगरेको अनुगमन गर्ने,

(ग) गणतान्त्रिक फोरमभित्र गुटवन्दीका सम्बन्धमा संलग्नताको जााच गर्ने,

(घ) नैतिक आचरण बारे उठेका प्रश्नहरूको छानबिन गर्ने,

(ङ) उजुरी परेमा वा आˆनै पहलमा समेत गणतान्त्रिक फोरमका सबै तहका सदस्यहरूका बारे अनुसन्धान, तहकिकात र कारवाहीको प्रक्रिया अगाडि बढाउन सक्ने,

(च) अनुसन्धानको क्रममा गम्भीर आरोपको प्रमाण फेला परेमा जिल्ला तहसम्मको लागि जिल्ला समितिलाई कारवाही अगाडि बढाउन लिखित जानकारी दिने तथा केन्द्रीय निकायको हकमा फेला परेको तथ्य-प्रमाणसहित आफनो राय र ठहर केन्द्रीय समितिमा प्रस्तुत गर्ने,

(छ) आफनो काम कारवाहीका प्रतिवेदन राष्ट्रिय महाअधिवेशनमा प्रस्तुत गर्ने,

(ज) यस समितिका संयोजकले केन्द्रीय समितिको बैठकमा पदेन सदस्यको रूपमा भाग लिनेछन् ।

**धारा : १५ केन्द्रीय लेखा परीक्षण समितिः** यो समिति राष्ट्रिय महाअधिवेशन प्रति उत्तरदायी रहनेछ । यसका सदस्यको मर्यादा केन्द्रीय समिति सदस्य सरह रहनेछ । यसका अधिकार र कर्तव्य देहाय बमोजम हुनेछ :-

१) यस समितिको गठन राष्ट्रिय महाअधिवेशनबाट हुनेछ । यसमा एक संयोजक र बााकी चार सदस्य हुनेछन् । संयोजकको चयन समिति स्वयंले गर्नेछ,

२) केन्द्रीय समितिको आय-व्ययको नियमित अनुगमन र वार्षिक लेखा परीक्षण गर्ने तथा यसका निम्ति चाहिने नियम बनाउने,

३) आवश्यकता अनुसार लेखा परीक्षकहरू नियुक्त गर्ने र सुझाव सहितको लेखा प्रतिवेदन कार्यान्वयनको लागि केन्द्रीय समितिमा प्रस्तुत गर्ने,

४) लेखा तथा आर्थिक व्यवस्थापन सम्बन्धि आवश्यक नीति नियम बनाई केन्द्रीय समितिमा प्रस्तुत गर्ने,

५) लेखा तथा आर्थिक व्यवस्थापनको पक्षमा विभिन्न तहमा प्रशिक्षणको आयोजना गर्ने,

६) आफनो सम्पूर्ण कार्यको प्रतिवेदन केन्द्रीय समिति र राष्ट्रिय महाअधिवेशनमा प्रस्तुत गर्नेछ,

७) यस समितिको संयोजकले केन्द्रीय समितिको बैठकमा पदेन सदस्यको रूपमा भाग लिनेछ ।

**धारा १६. केन्द्रीय सल्लाहकार समितिः** केन्द्रीय सल्लाहकार समिति केन्द्रीय समिति प्रति उत्तरदायी रहनेछ । केन्द्रीय सल्लाहकार समितिको गठन केन्द्रीय समितिले गर्नेछ । यसका सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्य सरह हुनेछ । यस समितिका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछ :

१) यो समिति बढीमा १५ जनाको संख्यामा हुनेछ । समितिले आफनो संयोजक आफैं चयन गर्नेछ ।

२) गणतान्त्रिक फोरमको नीति निर्माण, कार्यान्वयन, संगठनात्मक आवश्यकता लगायत गणतान्त्रिक फोरमको हितमा केन्द्रीय समितिलाई आवश्यक सबै प्रकारको सल्लाह र सुझाव लिखित रूपमा प्रस्तुत गर्ने,

३) गणतान्त्रिक फोरमको आम गतिविधि बारे राय-सुझाव सहितको आलोचनात्मक टिप्पणीहरू पेश गर्न सक्ने,

४) समितिको सदस्यहरू केन्द्रीय समितिको बैठकमा भाग लिने छन् तर मतदानको अधिकार हुने छैन ।

## परिच्छेद ४

## स्थानीय समिति

**धारा : १७** सामान्यतः देशको राजनीतिक र प्रशासनिक विभाजन र नामाकरण अनुरूप गणतान्त्रिक फोरमको संगठनात्मक ढाँचा, तह र नामाकरण गरिनेछ । गणतान्त्रिक फोरमका स्थानीय समितिका संगठनात्मक ढाँचा देहाय बमोजिम हुनेछन् :

स्थानीय समितिहरूका संगठनात्मक ढाँचा र तहहरू :-

१) जिल्ला समिति/जिल्ला तदर्थ समिति

२) क्षेत्रीय समिति

३) गाऊँ/नगर समिति/वडा समिति

४) स्थानीय अधिवेशन

**धाराः १८ जिल्लाको अधिवेशन र कार्यक्रमहरूः**

(क) जिल्ला अधिवेशनः गणतान्त्रिक फोरमको जिल्ला अधिवेशनहरू सामान्यतया प्रत्येक २-२ वर्षमा अनिवार्य रूपमा गर्नुपर्नेछ । यसमा गाउँ अधिवेशन र क्षेत्रीय अधिवेशनहरूबाट चुनिएर आएका प्रतिनिधिहरू, जिल्ला समितिका सदस्यहरू र जिल्ला समितिले कूल प्रतिनिधि संख्याको ५Ü मनोनयन गरेका व्यक्तिहरू प्रतिनिधि हुनेछन् । जिल्ला अधिवेशनमा प्रतिनिधिको अनुपात र कुल प्रतिनिधि संख्या बारे जिल्ला समितिले निर्णय गर्नेछ । यसले जिल्ला समितिको निर्वाचन गर्नेछ ।

तर तोकिएको समयमा र २ वर्षको अवधिमा जिल्ला अधिवेशन गर्न नसकेका जिल्ला समितिलाई भंग गरी सो जिल्लामा केन्द्रीय समितिले तदर्थ समिति गठन गर्न सक्नेछ ।

(ख) जिल्ला तदर्थ समितिः जुन जिल्लामा निर्वाचित जिल्ला समिति छैन त्यहाँ सो प्रयोजनको लागि केन्द्रद्वारा जिल्ला तदर्थ समिति गठन गरिनेछ । सो तदर्थ समितिले जिल्लामा तल्ला समितिहरू खडा गरी विधानले तोकेबमोजिम जिल्ला अधिवेशन गराई जिल्ला समितिको गठन गर्नेछ ।

निर्वाचित जिल्ला समितिको गठन नहुन्जेलसम्मको लागि सो जिल्ला तदर्थ समितिले जिल्ला समिति सरह काम गर्नेछ ।

(ग) जिल्ला समिति

१) जिल्ला समिति

(क) जिल्ला समिति जिल्ला अधिवेशन प्रति उत्तरदायी हुनेछ । यो समिति बढीमा ३१ सदस्यीय हुनेछ । यसमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र बाँकी सदस्यहरू रहनेछन् ।

(ख) क्षेत्रीय समितिका अध्यक्षहरू तथा जिल्ला अन्तर्गत रहेका बिभिन्न भातृसंगठनका प्रमुखहरू जिल्ला समितिका पदेन सदस्य हुनेछन् ।

(ग) जिल्ला समितिका सम्पूर्ण पदाधिकारीहरू जिल्ला अधिवेशनबाट निर्वाचित हुनेछ । यस समितिको बैठक सामान्यतया महिनामा एक पटक अनिवार्य रूपमा बस्ने छ ।

(घ) जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

१) समितिको कूल सदस्य संख्याको एक तिहाई नबढाई जिल्ला कार्य सम्पादन समितिको गठन गर्नेछ,

२) जिल्ला समितिलाई प्रभावकारी, क्रियाशील र समावेशी बनाउनका निम्ति कूल सदस्य संख्याको १० प्र.श. सम्म जिल्ला समितिमा सदस्यहरूको मनोनयन गर्न सक्नेछ,

३) नियमित रूपमा समितिको बैठक आयोजना गर्ने, कामको योजनाहरू बनाउने र कार्यान्वयन गर्ने,

४) समितिको सदस्यहरूको बीचमा कार्य विभाजन गर्ने,

५) आफनो तहमा विभागहरू, सम्पर्क/समन्वय समितिहरू र आवश्यकता अनुसार आयोगहरूको गठन गर्नेछ,

६) आफनो मातहतका समितिहरूको गठन-पुनर्गठन र कार्यकर्ताहरूको आवश्यकता अनुसार स्थानान्तरण गर्न सक्नेछ,

७) मातहतको समितिहरूलाई नेतृत्व प्रदान गर्ने, अनुगमन-सुपरिवेक्षण गर्ने र आवश्यक निर्देशन दिने,

८) माथिल्लो समितिका निर्णय र निर्देशनहरूलाई लागू गर्ने गराउने,

९) आफनो निर्णय र कामहरूको नियमित प्रतिवेदन लिखित रूपमा माथिल्लो समितिमा पठाउने,

१०) पार्टी प्रकाशनहरूको विक्री-वितरण गर्ने,

११) सदस्यहरूको स्तर र क्षमता वृद्धिको लागि नियमित रूपमा प्रशिक्षण र अन्य चेतनामूलक कार्यहरू आयोजना गर्ने,

१२) सदस्यता शुल्क, लेभी संकलन, गणतान्त्रिक फोरमको श्रोत परिचालन र कोष परिचालन तथा व यवस्थापन गर्ने,

१३) माथिल्लो समितिमा नियमित रूपमा सदस्यता शुल्क पठाउने र आफनो आय-व्ययको व्यवस्थित अभिलेख राख्ने,

१४) साधारण सदस्यहरूलाई वैधानिक मापदण्ड र प्रक्रिया अनुसार क्रियाशील सदस्यता प्रदान गर्ने,

१५) आफनो तहको जिल्ला सल्लाहकार समिति गठन गर्ने,

१६) क्षेत्रीय समिति गठन गर्न क्षेत्रीय अधिवेशनको आयोजना गर्ने,

१७) जिल्ला समितिका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने तथा अनुशासनात्मक कारवाहीहरूको टुंगो लगाउने,

१८) वार्षिक लेखा परीक्षण गराउने र सो को प्रतिवेदन केन्द्रीय सचिवालयमा पठाउने,

१९) स्थानीय निकायमा पुगेका गणतान्त्रिक फोरम प्रतिनिधिहरूलाई नेतृत्व दिने प्रशिक्षित गर्ने र स्थानीय निकायलाई जनताको हितमा परिचालित गर्ने,

२०) कुनै कारणले समितिमा सदस्यहरूको पद रिक्त हुन आएमा विधान बमोजिम त्यसको पूर्ति गर्ने,

२१) गणतान्त्रिक फोरमको हितलाई ध्यानमा राखेर विधानले दिएका अन्य सबै कामहरू गर्ने ।

२२) जिल्ला समितिले जिल्ला भित्रका संगठनात्मक निकायहरू गठन गर्ने ।

२३) जिल्ला समितिले जिल्ला स्तरीय जनवर्गीय र पेशाागत संगठनहरूलाई समन्वय गर्ने ।

(घ) जिल्ला स्तरीय संयन्त्र समितिः सम्वन्धित जिल्लाको अध्यक्षको अध्यक्षतामा देहायका व्यक्तिहरू रहनेछन् ।

(१) जिल्ला अध्यक्ष

(२) जिल्लाबाट प्रतिनिधित्व गरेका केन्द्रीय सदस्यहरू

(३) जिल्लाबाट प्रतिनिधित्व गरेका सांसदहरू

(४) जिल्ला उपाध्यक्ष

(५) जिल्ला सचिव

(ङ) जिल्ला स्तरीय संयन्त्र समितिको काम कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(१) जिल्ला समितिमा छलफल गर्ने प्रस्तावहरू सम्बन्धमा छलफल गरी प्रस्ताव तयार गर्ने ।

(२) जिल्ला समिति तथा राजनिति समितिबाट गर्नुपर्ने निर्णय गराउन तत्काल जिल्ला समितिको वैठक वोलाउन नसकिने भएमा जिल्ला समितिको तर्फबाट गरीने आवश्यक निर्णय गर्न सक्नेछ । त्यसरी गरीएको निर्णय अगामी जिल्ला समितिको वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) जिल्लाको र पार्टीको समसामयिक विषयमा पार्टीको कुनै पनि समितिले गर्नु पर्ने निर्णयहरूको सम्बन्धमा आवश्यक निर्णय गरी सो निर्णय पछि सम्बन्धित समितिमा अनुमोदनको लागि पठाउने ।

(च) जिल्ला कार्य सम्पादन समिति

१) जिल्ला समितिले जिल्ला अध्यक्षको अध्यक्षतामा जिल्लामा गणतान्त्रिक फोरमको दैनिक कार्यसंचालन गर्न जिल्ला कार्य सम्पादन समितिको गठन गर्नेछ,

२) यो जिल्ला समिति प्रति उत्तरदायी हुनेछ,

३) जिल्ला समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने गराउनेछ,

४) दुई जिल्ला समिति बीच भैपरि आउने गणतान्त्रिक फोरमका सम्पूर्ण कार्यहरूलाई सम्पादन गर्नेछ र त्यसको अनुमोदन अगामी जिल्ला समिति बैठकबाट गराउनेछ,

५) जिल्ला समितिले दिएका जिम्मेवारीहरूलाई पूरा गर्नेछ र जिल्ला समितिको प्रभावकारिता विस्तारमा सहयोगी भूमिका खेल्नेछ,

६) गणतान्त्रिक फोरमको केन्द्रीय कार्यालयसंग दैनिक सम्पर्कमा रहनेछ,

७) जिल्ला समिति र केन्द्रीय कार्यालय बीच पुलको काम गर्नेछ ।

(छ) जिल्ला सल्लाहकार समिति

१) जिल्ला सल्लाहकार समितिको गठन गणतान्त्रिक फोरमको जिल्ला समितिले गर्नेछ र यो जिल्ला समितिप्रति उत्तरदायी हुनेछ । यसको अधिकतम संख्या ९ हुनेछ र यसले आफू मध्येबाट एउटा संयोजक चयन गर्नेछ ।

२) गणतान्त्रिक फोरमको जिल्ला समितिको राजनीतिक, संगठनात्मक लगायत विभिन्न क्षेत्रका कामहरूको सन्दर्भमा गणतान्त्रिक फोरमको प्रभावकारिता बढाउन र जनमानसमा लोकप्रियता बढाउन यसले आफनो लिखित सुझाव-सल्लाहहरू नियमित रूपमा बैठक गरी जिल्ला समितिलाई बुझाउनेछ ।

३) यस समितिका रचनात्मक तथा उचित आलोचनात्मक टिप्पणी र सुझावहरूलाई जिल्ला समितिले ग्रहण गर्नेछ ।

४)	जिल्ला सल्लाहकार समितिका सदस्यहरू जिल्ला समितिको वैठकमा भाग लिने छन् तर मतदान गर्न पाउने छैनन् ।

(ज)	जिल्ला अध्यक्षको निर्वाचन

(१)	जिल्ला अध्यक्षको लागि उम्मेदवार हुन चाहने व्यक्ति जिल्ला अधिवेशनको प्रतिनिधि हुनु पर्नेछ,

(२)	जिल्ला अध्यक्षका उम्मेदवार हुन चाहने सदस्यले जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट कम्तिमा दुई जना प्रस्तावक र दुई जना समर्थक रहेको मनोनयन पत्र निर्वाचन समितिको कार्यालयमा दाखिल गर्नुपर्नेछ,

(३)	जिल्ला अधिवेशनले गठन गरेको निर्वाचन समितिले निर्वाचनको कार्यक्रम र प्रक्रिया तोकि निर्वाचन सम्पन्न गर्नेछ ।

(४)	जिल्ला अधिवेशनका प्रतिनिधिहरूले सर्वसम्मति, आम सहमति वा बहुमतबाट जिल्ला अध्यक्षको निर्वाचन गर्नेछ,

(झ) जिल्ला अध्यक्षको काम, कर्तव्य र अधिकार

(१)	जिल्ला अधिवेशन र जिल्ला समितिको अध्यक्षता गर्ने र आवश्यक भएमा निर्णायक मत प्रदान गर्ने,

(२)	गणतान्त्रिक फोरमको आदर्श, सिद्धान्त, नीति र कार्यक्रमलाई व्यवहारमा लागू गर्न निरन्तर कटिबद्ध रही गणतान्त्रिक फोरमलाई एक सबल, जुझारु र परिवर्तनकारी पार्टीको रूपमा देशमा स्थापित गर्न सदैव अगुवाई गर्ने,

(३)	जिल्ला भित्र गणतान्त्रिक फोरमको राजनीतिक, सांगठनिक लगायत पार्टी जीवनको सबै पक्षहरूमा नेतृत्व प्रदान गर्ने,

(४)	जिल्ला अधिवेशन तथा केन्द्रीय समिति र जिल्ला समितिले गरेका निर्णयहरूलाई कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका खेल्ने,

(५)	जिल्ला समितको मातहतमा चल्ने विभागहरू, समन्वय समिति, सम्पर्क समितिहरू तथा विभिन्न निकायहरूको कामहरूको अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्ने र निर्णयहरू लागू गर्न आवश्यक निर्देशन दिने,

(६)	जिल्ला समितिको बैठकको अध्यक्षता गर्ने र जिल्ला सचिवालय तथा जिल्ला समितिको बैठक बोलाउने,

(७)	जिल्ला समितिको बैठकमा एजेण्डाहरू प्रस्तुत गर्ने, छलफल तथा निर्णय गराउने,

(८) जिल्ला तहका सम्पूर्ण कार्यहरूका अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन गरी जिल्ला समितिको नेतृत्व गर्ने,

(९) विधान अन्तर्गत रही अन्य आवश्यक सबै कामहरू गर्ने गराउने ।

(ञ) जिल्ला अध्यक्षको राजिनामा वा पद रिक्त भएमा

(१) जिल्ला अध्यक्षले अध्यक्ष पदबाट राजिनामा गर्न चाहेमा उपाध्यक्ष मार्फत जिल्ला समितिमा प्रस्तुत गर्नु पर्नेछ,

(२) उक्त राजिनामा तत्काल स्वीकृत गर्नु पर्ने देखिएमा जिल्ला समितिले सो राजिनामा स्वीकृत गरी आफू मध्येबाट कार्यवाहक अध्यक्षको चयन गर्नेछ र बिशेष जिल्ला अधिवेशन बोलाई अध्यक्षको निर्वाचन गर्नेछ,

(३) अन्य कुनै कारणबाट जिल्ला अध्यक्षको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि यसै धाराको उपधारा (२) बमोजिम गरिनेछ ।

(ट) जिल्ला उपाध्यक्ष

१) अध्यक्षको काममा सहयोग गर्ने,

२) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने,

३) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने र जिल्ला समितिले दिएको जिम्मेवारी पूरा गर्ने,

(ठ) जिल्ला सचिव

१) गणतान्त्रिक फोरमको जिल्ला कार्यालय सचिवको मातहतमा रहनेछ,

२) जिल्ला समितिको निर्णयहरूलाई कार्यान्वयन गर्न गराउन प्रमुख भूमिका खेल्ने,

३) दैनिक कार्यसंचालनमा अध्यक्षलाई सल्लाह दिने, सहयोग गर्ने र महत्वपूर्ण विषयहरूको जानकारी गराई रहने,

४) गणतान्त्रिक फोरमको संगठनात्मक संरचना चुस्त दुरुस्त, क्रियाशील, अनुशासित र प्रभावकारी बनाउने,

५) माथिल्ला समितिका आवश्यक निर्णय र निर्देशनहरूलाई तल्ला समितिहरूमा नियमित प्रवाहित गर्ने र तल्ला समितिका रिपोर्टहरू प्राप्त गरी व्यवस्थित बनाउने,

६) माथिदेखि तलसम्मका संगठनात्मक कार्यहरूको सुपरिवेक्षण अनुगमन तथा मूल्यांकन गर्ने र आवश्यक निर्देशनहरू दिने,

७) अध्यक्षले दिएको निर्देशनहरूलाई कार्यान्वयन गर्ने,

८) गणतान्त्रिक फोरमका सबै किसिमका अभिलेखहरूको संरक्षण गर्ने, अभिलेख तयार गर्ने कार्यमा निरन्तर लाग्ने र यस कार्यमा तल्ला समितिहरूलाई पनि लगाउने,

९) अध्यक्ष तथा उपाध्यक्षको अनुपस्थितिमा जिल्ला समितिको बैठक बोलाउने, त्यसको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने र निर्णयहरू गराई कार्यान्वयन गर्ने/गराउने,

१०) जिल्ला समितिले तोकेका अन्य सबै कार्यहरू गर्ने ।

(ड) जिल्ला कोषाध्यक्ष

१) जिल्ला कोषको संचालन गर्ने,

२) जिल्ला कोषको संरक्षण र सम्वर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख अद्यावधिक राख्ने,

३) आय श्रोतहरूको संकलन, परिचालन, विस्तारमा लाग्दै जिल्ला समितिले तोके बमोजिमको बैंकमा खाता खोली कोषलाई व्यवस्थित राख्ने,

४) बार्षिक आर्थिक प्रतिवेदन जिल्ला समिति मार्फत जिल्ला अधिवेशनमा प्रस्तुत गर्ने,

५) जिल्ला कोष निर्माण तथा व्यवस्थापनको योजना बनाउने, त्यसलाई जिल्ला समितिद्वारा पारित गराई लागू गर्ने,

६) जिल्ला समितिले तोकेको अन्य सबै कामहरू गर्ने ।

(ढ) जिल्ला समितिका सदस्यहरूको काम, कर्तव्य र अधिकार

१) बैठकमा उपस्थित हुने, छलफल तथा निर्णयमा सहभागी हुने,

२) जिल्ला समितिले तोकेको जिम्मेवारी बहन गर्ने,

३) बैठकमा एजेण्डा निर्धारणमा सहयोग गर्ने, बैठकमा आलोचना र आत्मालोचनाको परिपाटी व्यवस्थित गर्न भूमिका खेल्ने,

४) जिल्ला अधिवेशनले तय गरेको नीति, कार्यक्रम र कार्यदिशा मुताबिक जिल्ला समितिलाई अघि बढाउन खबरदारी गर्ने, सहयोग गर्ने र भूमिका खेल्ने,

५) जिल्ला समितिले गरेका सम्पूर्ण निर्णयहरूलाई लागू गर्न/गराउन भूमिका खेल्ने,

६) जिल्ला समितिका बैठकहरूमा देशको राजनीतिक परिस्थिति अन्य पार्टीहरूको स्थिति र निर्वाह गर्नुपर्ने दायित्व र भूमिकाको बारेमा विश्लेषण र निचोड प्रस्तुत गर्ने,

७) गणतान्त्रिक फोरमले गरेका निर्णयहरूलाई तल्ला समितिहरूमा र सार्वजनिकरूपमा प्रतिरक्षा गर्ने र ठिक रहेको पुष्टि गर्न भूमिका खेल्ने,

**धारा १९: क्षेत्रीय समिति**

(क) हरेक संसदीय क्षेत्रहरूमा गणतान्त्रिक फोरमको एउटा क्षेत्रीय समिति रहनेछ,

(ख) क्षेत्रीय समितिको गठन क्षेत्रीय अधिवेशनबाट गरिनेछ,

(ग) क्षेत्रीय अधिवेशनमा विभिन्न गा.वि.स. र नगरपालिका/ उप महानगरपालिका/ महानगरपालिका स्तरको अधिवेशनबाट चुनिएर आएका प्रतिनिधिहरूले प्रतिनिधिको रूपमा भाग लिनेछन् ।

(घ) क्षेत्रीय अधिवेशनले क्षेत्रीय समितिको लागि एक जना अध्यक्ष, उपाध्यक्ष,सचिव,कोषध्यक्ष समेत २१ सदस्यीय समिति रहनेछ ।

(ङ) गणतान्त्रिक फोरमका सभासद/सांसदहरू गणतान्त्रिक फोरमको सम्बन्धित क्षेत्रीय समितिमा पदेन सदस्य हुनेछन् ।

(च) क्षेत्रीय महाअधिवेशन सामान्यतया वर्षको एकचोटी आयोजना गरिनेछ,

(छ) क्षेत्रीय समितिले जिल्ला समितिले गरेका निर्णयहरूलाई आफनो क्षेत्रमा लागू गर्नेछ,

(ज) आफनो क्षेत्रमा राजनीतिक तथा संगठनात्मक क्षेत्रको योजनाहरू बनाउने, लागू गर्नेछ,

(झ) मातहतका संगठनहरूलाई निर्देशन गर्ने, कामहरूको सुपरिवेक्षण, मूल्यांकन गर्ने तथा नेतृत्व प्रदान गर्नेछ,

(ञ) क्षेत्रीयस्तरको कामहरूको बारेमा जिल्ला समितिलाई नियमित जानकारी गराउने, सल्लाह-सुझाव दिने र जिल्ला समितिबाट निर्देशन प्राप्त गर्नेछ,

(ट) क्षेत्रीय समितिको बैठक सामान्यतया २ महिनामा एकचोटी आयोजना गरिनेछ,

(ठ) क्षेत्रीयस्तरमा आन्दोलन तथा निर्वाचन अभियानको योजनाहरू बनाउने छ,

(ड) क्षेत्रीय समितिहरूले आ-आफनो क्षेत्रमा गणतान्त्रिक फोरमको सम्पूर्ण कार्यहरूलाई प्रभावकारी र परिणाममुखी ढंगले अघि बढाउनेछ ।

(ढ) स्थानीय निकायहरूमा गणतान्त्रिक फोरमका तर्फबाट विजयी जनप्रतिनिधिहरू गणतान्त्रिक फोरम र जनताको पक्षमा काम गर्न कत्ति सफल छ त्यसको मूल्यांकन प्रतिवेदन जिल्ला समितिमा पठाउने ।

**धारा २० : गाऊँ/नगर/वडा समिति**

(क) गाऊँ समिति

१) प्रत्येक गाविस स्तरमा गणतान्त्रिक फोरमको एउटा समिति रहनेछ, जसलाई गाउँ समिति भनिनेछ,

२) गाउँ समितिको गठन गा.वि.स. स्तरीय अधिवेशनबाट हुनेछ,

३) गाविस स्तरीय अधिवेशनमा प्रत्येक वडाबाट अधिवेशन गराएर छानिएर आएका प्रतिनिधिहरू सहभागी हुनेछन्,

४) गाउँ अधिवेशनले अध्यक्ष, सचिव र कोषाध्यक्ष लगायत प्रत्येक वडालाई प्रतिनिधित्व गर्ने गरी बढीमा ११ जनाको गाउा समिति गठन गर्नेछ,

५) गाउँ अधिवेशनमा क्रियाशील सदस्यहरूको अधिवेशन हुनेछ,

६) गाउँ समिति सम्बन्धित गाविसमा गणतान्त्रिक फोरमको मूख्य समिति हुनेछ जसले गणतान्त्रिक फोरमको विस्तार र सुदृढीकरणमा निरन्तर ध्यान पुऱ्याउनेछ,

७) आन्दोलनको बेला आन्दोलनको तयारी गर्ने, चुनावको बेला चुनावको तयारी गर्ने र सामान्य समयमा पार्टी काममा ध्यान दिने र गणतान्त्रिक फोरमलाई लोकप्रिय बनाउने गाउा समितिको काम हुनेछ ।

(ख) नगर समिति

१) प्रत्येक नगरपालिका/उप महानगरपालिका/महानगरपालिकामा गणतान्त्रिक फोरमको एउटा समिति रहनेछ जसलाई त्यही स्तरको समिति भनिनेछ ।

२) यो समितिको गठन नगरपालिका/उप महानगरपालिका/महानगरपालिका स्तरीय अधिवेशनबाट हुनेछ ।

३) यो अधिवेशन क्रियाशील सदस्यहरूको अधिवेशन हुनेछ ।

४) यसका प्रत्येक वडाबाट अधिवेशन भै छानिएर आएका प्रतिनिधिहरू सहभागी रहनेछन् ।

५) यी अधिवेशनले आफू मध्येबाट अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष गरी सम्भव भएसम्म सबै वडालाई प्रतिनिधित्व गराई एउटा २१ सदस्यीय समिति बनाउने छ, जो सो स्तरको समिति हुनेछ ।

६) यी समितिहरू आ-आफनो क्षेत्रभित्र गणतान्त्रिक फोरमको मुख्य समिति र नेता हुनेछ जसले गणतान्त्रिक फोरमको विस्तार र सुदृढीकरणमा ध्यान दिनेछ ।

७) यी समितिहरूले आन्दोलनको बेला आन्दोलनमा, निर्वाचनको बेला निर्वाचनमा र सामान्यसमयमा गणतान्त्रिक फोरमको राजनीतिक र संगठनात्मक काममा ध्यान दिनेछ

८) यी समितिहरूले माथिल्ला समितिहरूको निर्णय र निर्देशनहरूलाई आफनो क्षेत्रभित्र लागू गर्नेछ ।

९) आ-आफनो क्षेत्रका गणतान्त्रिक फोरम गतिविधिहरूबारे माथिल्ला समितिहरूलाई नियमित जानकारी गराउने छ

१०) क्षेत्रीय समिति र जिल्ला समितिले तोकेका जिम्मेवारीहरू पूरा गर्नेछ ।

(ग) वडा समिति

१) प्रत्येक गा.वि.स. र नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका भित्रका वडाहरूमा गणतान्त्रिक फोरमको वडा समितिहरू रहनेछन् ।

२) वडा समितिको निर्माण वडा अधिवेशनबाट हुनेछ र यो अधिवेशन क्रियाशील सदस्यहरूको अधिवेशन हुनेछ ।

३) गाविसका वडा समितिहरू गाउँ समिति मातहत, नगरपालिकाका वडा समितिहरू नगर समिति मार्फत उप महानगरपालिका र महानगरपालिकाका वडाहरू तत् मार्फतका समितिहरू हुनेछन् र यसले गणतान्त्रिक फोरमको प्रारम्भिक संगठनको रूपमा काम गर्नेछन् ।

४) यस समितिमा एक अध्यक्ष,उपाध्यक्ष,सचिव र कोषाध्यक्ष सहित ११ सदस्यीय समिति रहनेछन् ।

५) यो समितिले गणतान्त्रिक फोरमको कार्यलाई जनस्तरमा विस्तार र सुदृढीकरण गर्नेछ ।

(घ) क्षेत्रीय समिति, गाऊँ/नगर/वडा समितिको पदाधिकारी र सदस्यहरूको सख्ंया जिल्ला समितिको पद र संख्या भन्दा बढी नरहने गरी केन्द्रीय समितीले गरेको निर्णय निर्देशन र सो अन्तर्गत जिल्ला समितीले गरेको व्यवस्था अनुसार हुनेछ । त्यस्ता पदाधिकारी र सदस्यहरूले आफनो कार्यक्षेत्र भित्र आफुले पाएको काम कर्तव्य र अधिकार प्रयोग गर्न पाउने छन् ।

**धारा : २१.स्थानीय अधिवेशन :** गाऊँ, नगर, उप महानगरपालिका, महानगरपालिका समितिले तोकेको क्षेत्रमा र तोकेको संख्यामा साधारण सदस्यहरू भएको एक स्थानीय अधिवेशन निर्माण हुनेछ । यसलाई गाऊँ, नगर, उप महानगरपालिका, महानगरपालिका समितिहरूले संचालन गर्नेछन् । यसका अधिकार र कर्तव्यहरू देहायबमोजिम हुनेछन् ।

१) गणतान्त्रिक फोरमका नीति निर्देशन र निर्णयहरू सुन्ने र जनतामा गणतान्त्रिक फोरमको नीतिको प्रचार गर्ने,

२) गणतान्त्रिक फोरमका गतिविधिहरू बारे जानकारी लिने र माथिल्ला समितिहरूमा सल्लाह र सुझाव पठाउने,

३) विभिन्न विषयमा अध्ययन, छलफल संचालन गर्ने,

४) निर्वाचनको दौरान गणतान्त्रिक फोरमका उम्मेदवारहरूलाई विजयी गराउन खट्ने र गणतान्त्रिक फोरमले गरेका आन्दोलनहरूमा सक्रियता साथ भाग लिने,

५) आम जनताको बीचमा गणतान्त्रिक फोरमले लिएका नीति र अडानहरूलाई प्रतिरक्षा गर्न र सहि ठहऱ्याउने ।

६) गणतान्त्रिक फोरमका क्षेत्रीय जिल्ला स्तरीय प्रतिनिधिहरूको प्रक्रिया अनुसार छनौट गरी पठाउने ।

**धारा : २२. सम्पर्क समिति :** विभिन्न जिल्लाबाट काठमाण्डौं उपत्यका तथा मुलुकका मुख्य केन्द्रहरूमा आई अस्थायी बसोबास गर्ने गणतान्त्रिक फोरम पक्षीय व्यक्तिहरू बीच आवश्यकता अनुसार सम्पर्क समितिहरू बनाउन सकिनेछ । यी समितिहरूमा गणतान्त्रिक फोरमका क्रियाशील, साधारण सदस्य तथा समर्थक/शुभेच्छुकहरू रहन सक्नेछन् । यस्ता समितिहरूको संचालन केन्द्रीय समितिले विधानको परिधिमा रही आवश्यक नियमावली बनाईगर्न सक्नेछ । यस्ता समितिहरू विदेशमा पनि गठनगर्न सकिने छ ।

**धारा : २३. सम्पर्क/समन्वय समितिः** जनवर्गीय तथा पेशागत संगठनहरूलाई गणतान्त्रिक फोरमको नीति अनुरूप संचालन गर्न र ती ठाउँका समस्याहरू बुझ्न विभिन्न तहमा गणतान्त्रिक फोरम सदस्यहरू रहेको सम्पर्क/समन्वय समिति निर्माण गर्न सकिनेछ । सम्पर्क/समन्वय समितिलाई सम्बन्धित तहको गणतान्त्रिक फोरम समितिले संचालन गर्नेछ । गणतान्त्रिक फोरमको तर्फबाट सम्पर्क/समन्वय समिति संचालन गर्न तोकिएका व्यक्तिलाई सम्पर्क/समन्वय समिति इन्चार्ज भनिनेछ । सम्पर्क/समन्वय समिति आ-आफनो तहमा गणतान्त्रिक फोरम र ती जनवर्गीय/पेशागत संगठन बीचको पुलको काम गर्नेछ ।

## परिच्छेद ५

## संसदीय समिति, संसद र स्थानीय निकाय

### धारा २४ :संसदीय समिति

१) गणतान्त्रिक फोरमको केन्द्रीय समितिले आफू मध्येबाट एक संसदीय समितिको गठनगर्नेछ ।

२) गणतान्त्रिक फोरमको केन्द्रीय अध्यक्ष र महासचिव संसदीय समितिको पदेन अध्यक्ष र सचिव हुनेछन् ।

३)	यसमा बढीमा नौ जना सदस्य हुनेछन् ।

४)	संसदीय समिति समावेसी (जातीय, क्षेत्रीय, लिङ्गीय, भाषिक, वर्गीय, अल्पसंख्यक) संरचनाको हुनु पर्नेछ ।

५)	संसदीय समितिले संसदको लागि हुने निर्वाचनको लागि उम्मेदवारहरूको सिफारिस गर्नेछ । जसलाई केन्द्रीय समितिले अन्तिम रूप दिनेछ ।

६)	संसदीय समितिले स्थानीय निकायका उम्मेदवारहरूको बारेमा पनि एउटा ठोस् अवधारणा बनाई केन्द्रीय समितिमा प्रस्तुत गर्नेछ ।

७)	स्थानीय निकायका उम्मेदवारहरूको छनौट प्रक्रियाको विधि र टुङ्गो लगाउने निकायको बारेमा केन्द्रीय समितिले आवश्यक छलफल गरी अन्तिम निर्णय गर्नेछ ।

**धारा : २५संसद र स्थानीय निकायः** संविधान सभा/संसद र सबै स्थानीय निकाय गणतान्त्रिक फोरमको राजनीतिक, सांगठनिक कार्य क्षेत्र हुनेछन् । गणतान्त्रिक फोरमले यसमा आफनो संयन्त्र मार्फत भूमिका खेल्नेछ ।

**धारा : २६ संसदीय दल :**

१)	गणतान्त्रिक फोरमको चुनाव चिन्ह लिई विजयी भएका तथा पछि संसदीय दलका सदस्यता ग्रहण गरेका संविधान सभा/संसदका सांसदहरू समावेस भएको गणतान्त्रिक फोरमको संसदीय दल हुनेछ ।

२)	संसदीय दलले आफनो विधान बमोजिम काम गर्नेछ । यो विधान केन्द्रीय समितिबाट अनुमोदन भएपछि मात्र लागू हुनेछ ।

३)	गणतान्त्रिक फोरमको केन्द्रीय समितिले संसदीय दललाई गणतान्त्रिक फोरमको नीति तथा कार्यक्रम अनुरूप नेतृत्व प्रदान गर्नेछ ।

४)	सांसदहरूले गणतान्त्रिक फोरमको केन्द्रीय समितिलाई तोकेको जिम्मेवारी बाहेक आफू सम्बद्ध गणतान्त्रिक फोरम समितिले तोकेको कार्यक्षेत्र र आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा काम गर्नु पर्दछ ।

५)	गणतान्त्रिक फोरमको चुनाव चिन्ह लिई विजयी हुने स्थानीय निकायका पदाधिकारी र सदस्यहरूलाई सम्बन्धित तहको गणतान्त्रिक फोरम समितिले गणतान्त्रिक फोरमको नीति, निर्णय र कार्यक्रम अनुसार नेतृत्व प्रदान गर्नेछन् ।

६)	गणतान्त्रिक फोरमका सांसद र स्थानीय निकायका प्रतिनिधिहरू संगठनात्मक रूपमा गणतान्त्रिक फोरम प्रति र बृहतर सन्दर्भमा जनताप्रति उत्तरदायी हुनेछन् ।

७)	गणतान्त्रिक फोरमको नीति, अनुशासन र निर्णय उल्लंघन गरेमा वा निर्देशनको अवज्ञा गरेमा वा गणतान्त्रिक फोरमको हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा गणतान्त्रिक फोरमको चुनाव चिन्हबाट निर्वाचित सांसदलाई संसदीय कामसित सम्बन्धित विषयमा केन्द्रीय समितिले र पार्टी कामसंग सम्बन्धित विषयमा सम्बन्धित जिल्ला समितिले तोकिए बमोजिम अनुशासनको कारवाही गर्न सक्नेछन् । त्यसैगरि स्थानीय निकायको प्रतिनिधिको हकमा सम्बन्धित तहको पार्टी समितिले तोकिएबमोजिम कारवाही गर्न सक्नेछन् ।

**धारा २७.	निर्णय**

१)	गणतान्त्रिक फोरमका संगठनात्मक निर्णयहरू लोकतान्त्रिक सिद्धान्तको आधारमा हुनेछ,

२)	प्रत्येक समितिका निर्णयहरू सर्वसम्मति, आमसहमति वा बहुमतको आधारमा गरिनेछ,

३)	बहुमतको निर्णयलाई अल्पमतले बिनाशर्त पालना गर्नु पर्नेछ,

४)	समिति भित्र निर्णय गर्ने प्रक्रियामा खुला-खुलस्त छलफल गरिनेछ,

५)	समिति भित्र आलोचना र आत्मलोचनाको पद्धति लागू हुनेछ,

६)	सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको परिपाटीलाई कार्यान्वयन गरिनेछ,

७)	कसैको आलोचना रचनात्मक हुनु पर्नेछ ।

**धारा २८ :अनुशासनात्मक कारवाही**

क)	अनुशासन समितिको राय अनुसार कुनै पनि सदस्य वा समिति उपर अन्तिम कारवाही गर्नुअघि स्पष्टीकरण दिने मौका दिनु पर्नेछ,

ख)	आफूमाथि भएको कारवाही उपर चित्त नबुझे कुनै पनि सदस्य वा समितिले माथिल्लो समितिमा पुनरावेदन दिन सक्नेछन्,

ग)	केन्द्रीय समिति वा केन्द्रीय निकायका सदस्यहरूको हकमा केन्द्रीय समितिको निर्णय नै अन्तिम हुनेछ ।

घ)	अनुशासनको कार्यवाही अवस्था हेरी निम्न अनुसारको हुनेछ :-

क) चेतावनी	ख) आलोचना	ग) सार्वजनिक आलोचना

घ) पदबाट निलम्वन	ङ) पदबाट निस्काशन र	च) पार्टीबाट निस्काशन

**धारा : २९.	कोषको व्यवस्था:** गणतान्त्रिक फोरमको आयश्रोत देहाय बमोजिम हुनेछ :-

१) तोकिएको सदस्यता शुल्क,

२) तोकिएको लेवी,

३) चन्दा सहयोग,

४) प्रकाशन विक्रि वितरण,

५) विशेष कार्यक्रम वा अभियानबाट संकलित रकम ।

**धारा : ३०.	अचल र जिन्सी सम्पत्ति:** गणतान्त्रिक फोरमको नाममा भएका अचल र जिन्सी लगायत सम्पूर्ण सम्पत्तिमा गणतान्त्रिक फोरमको केन्द्रीय समितिको पूर्ण स्वामित्व रहनेछ । त्यसको लगत तोकिए बमोजिम राखिनेछ ।

**धारा : ३१. विधान संशोधन**

१) विधान संशोधन सम्बन्धी लिखित प्रस्ताव केन्द्रीय समितिले राष्ट्रिय महाधिवेशन समक्ष प्रस्तुत गर्न सक्नेछ,

२) दुई राष्ट्रिय महाअधिवेशनको बीचमा विधानको प्रस्तावना र उद्देश्यको प्रतिकुल नहुने गरी अन्य कुनै दफा, उपदफा र गणतान्त्रिक फोरमको कामको हकमा केन्द्रीय समितिले बाधक महशुस गरेमा केन्द्रीय समितिको कम्तिमा दुई तिहाई बहुमतले उक्त धारा-उपधाराको संशोधन गर्न सक्नेछ र सो को अनुमोदन आगामी राष्ट्रिय महाअधिवेशनबाट गर्नु पर्नेछ ।

३) पार्टी गठन पछि र केन्द्रीय अधिवेशन हुनु पूर्व यस विधानको कार्यान्वयनमा र सम्पादनमा कुनै कठिनाई उत्पन्न भएमा विधानको प्रस्तावना र उद्देश्यको प्रतिकुल नहुने गरी केन्द्रीय समितिले आवश्यक प्रकृयाको निर्धारण गरी विधानमा संशोधन, थपघट वा हेरफेर गर्न सकिनेछ ।

**धारा :३२ गोप्य मतदान :** यस विधानमा उल्लेखित निकाय, समिति वा पदाधिकारीहरूको निर्वाचन तोकिए बमोजिम गोप्य मतदानको आधारमा हुनेछ ।

**धारा : ३३	नियम बनाउने अधिकार :** यस विधानलाई व्यवहारिक रूपमा लागू गर्न विधानसंग नबाझिने गरी केन्द्रीय समितिले आवश्यक नियमावली, विनियमावली/निर्देशिका तथा आचार संहिता निर्माण गरी लागू गर्न सक्नेछ ।

**धारा : ३४ शपथ ग्रहण :** गणतान्त्रिक फोरमको सबै तह तथा निकायका समितिका पदाधिकारीहरूले अनुसूची-२ बमोजिम सपथ ग्रहण गर्नु पर्नेछ ।

**धारा : ३५	विधानको व्याख्या :** विधानको व्याख्या गर्ने अधिकार केन्द्रीय समितिमा रहनेछ ।

**धारा : ३६ खारेजी र बचाउँ :** यस अघि लागू रहेको गणतान्त्रिक फोरमको विधान खारेज गरिएको छ र त्यस विधानबाट भए गरेको सबै कार्यहरू यसै विधानबाट गरिएको मानिनेछ ।

## अनुसूची

## अनुसूची-१

(धारा -२ संग सम्बन्धित)

गणतान्त्रिक फोरमको झण्डा

(१) आयतकार आकारमा ३:४ को अनुपातमा चौडाई र लम्बाई हुनेछ ।

(२) झण्डाको पुरै पृष्ठभूमि हरियो रंगको हुनेछ ।

(३) झण्डाको हरियो पृष्ठभूमिको ठिक बीचमा सेतो रंगको पाँच कुने तारा भएको चिन्ह रहने छ ।

(४) हरियो रंग सामाजिक न्याय एवं समृद्धिको प्रतिक र पाँचकुने तारा चेतना, एकता र लक्ष्यको प्रतिकको रूपमा रहेको छ ।

## अनुसूची -२

**(विधानको धारा-३४ संग सम्बन्धित)**

गणतान्त्रिक फोरमको सबैतहका समितिका पदाधिकारीहरूले लिने पद

तथा गोपनीयताको शपथको ढांचा

म ...............................................देश, जनता र पार्टी प्रति पूर्ण वफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) को विधान प्रति पूर्ण वफादार रहादै.................पदको जिम्मेवारीको निर्वाह विधानको अधिनमा रही देश, जनता र पार्टीको हितकालागि पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई निजी वा व्यक्तिगत स्वार्थबाट माथि उठेर इमान्दारीताका साथ कार्यगर्दै पदको मर्यादा, पार्टीको गोपनीयता र अनुशासनको पालना गर्ने छु ।

मिति ...............................   नाम, थर........................................

सही .............................................